**मिति २०८१ जेष्ठ ११ गते बसेको एक्काईसौ गाउँ कार्यपालिका बैठकको निर्णणहरु:**

१.यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. गाउँसभाको दोश्रो बैठक संचालन मिति २०८१ जेष्ठ २५ गते शुक्रबार दिनको ११:०० बजे नीति तथा कार्यक्रमलाई स्वीकृत गर्नको लागि बैठक आब्हान गर्ने ।

३. नेपाल सरकार र प्रदेश सरकारका आवधिक योजना, प्राप्त मार्गदर्शन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझावहरु गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना लगायतको आधारमा टोल विकास समिति समेतको सहभागीतामा बस्तीस्तरबाट आयोजना तथा कार्यक्रमहरु छनौट गरी वडा समितिले योजना बैंक निर्माण गरी योजनाको प्राथमिकता गर्ने र सो प्राथामिकता र गाउँपालिकास्तरका आयोजना तथा कार्यक्रमहरुलाई समेटेर योजना बैंक तयार गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने ।

४. गाउँपालिकाका निर्माण भैरहेको १५ शैयाको आधारभूत अस्पतालको सम्झौता बमोजिम आवश्यकता र औचित्याका आधारमा नियमानुसार मूल्य समायोजन गरी रकम भुक्तानी गर्ने र मूल्य समायोजन बमोजिम दायित्व सृजना हुने रकम कार्य प्रगतीको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने ।

५. यस गाउँपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र बीच भएको सम्झौता अनुरुप ठेक्का नं. AEPC/BES/G/NCB/2080/81-1 बाट विद्युतिय चुलो खरिद प्रकृयाका भई बोपपत्रदाताले कबोल गरेको रकम मध्येबाट ३०% रकम यस गाउँपालिकाबाट जम्मा गर्न केन्द्रको च.नं. १८९० मिति २०८१।०२।०२ को पत्रबाट लागत साझेदारी रकम जम्मा गर्न पत्राचार भएकोमा केन्द्रको NMB Bank मा रहेको खाताको नाम AEPC/BES/G/NCB/2080/81-1, खाता नं. 9900037403501034 मा संघीय सरकार मार्फत प्राप्त नवीकरणीय ऊर्जा प्रवधि जडान (ऊर्जा सौर्य/चुलो सुधारिएको/चुलो विद्युतीय/वायोग्याँस) शिर्षकमा रहेको रकमबाट रु ८ लाख र गाउँपालिकाको साझेदारी कोषमा रहेको रकमबाट रु ११ लाख ६५ हजार २ सय ३३ रुपैया ९० पैसा गरी जम्मा रकम रु. १९ लाख ६५ हजार २ सय ३३ रुपैया ९० पैसा रकम वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको खातामा जम्मा गरी प्राप्त हुने विद्युतिय चुलोलाई प्रभावकारी रुपमा वितरण गर्ने ।

६. गाउँपालिकाको प्रशासकीय भवनमा क्यान्टिन निर्माण गर्दा स्रोत सुनिश्चित गरेको रकम रु १० लाख मिति २०८१।०१।२८ गतेका गाउँसभाको निर्णयानुसार आश्रयस्थल लागत साझेदारीमा छत्रदेव-रुरुक्षेत्र आश्रमस्थल निर्माण रिडी शिर्षकबाट बजेट संशोधन गरिएकोमा प्रशासकीय भवनमा क्यान्टिन निर्माणको कार्य सम्पन्न भएकोले रकम भुक्तानी गर्ने ।

७. मृगौलाप्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धीकार्यविधि, २०७८ बमोजिमगाउँपालिकास्तरीय आर्थिक रुपले विपन्ननागरिकहरुलाई औषधीउपचार सहुलियतउपलब्ध गराउने प्रयोजनको

लागिसिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायकाव्यक्तिलाई मिति २०८१ जेष्ठ १ देखीलागु हुने गरी मासिक रुपमा रु. ५,०००/- (अक्षरुपीपाँचहजार) उपलब्ध गराउने । देहाय:

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं. |
|---|---|---|---|---|
| १. | डिक बहादुर विश्वकर्मा | रुरुक्षेत्र-१ | मृगौला रोगभई डायालाईसिस गराईरहेको । | १२२८५ |
| २. | संगीता पाण्डे | रुरुक्षेत्र-१ | क्यान्सर | ४११०२९/७२६३१ |
| ३. | लेखिराम पल्ली | रुरुक्षेत्र-६ | क्यान्सर | १३६४१ |

८.गाउँपालिकाको प्रशासकीय भवनमा चमेना गृह (क्यान्टिन) संचालनको लागि मिति २०८१ बैशाख १७ गते प्रथम पटक सूचना प्रकाशन गरिएकोमा कुनै व्यक्ति वा फर्मबाट प्रस्ताव पेश नभएकोले मिति २०८१ जेष्ठ १ मा दोश्रो पटक सूचना प्रकाशन गरिएकोमा रुरुक्षेत्र गाउँपालिका वडा नं. ५ निवासी श्री मधु कुँवरले मात्र प्रस्ताव पेश गरेकोले उक्त प्रस्ताव पेश गरी प्रस्तावमा उल्लेखित मासिक भाडा रु. १,२००/- (अक्षरुपी एक हजार दुई सय) मा ३ (तीन) बर्षको संझौता गरी निजलाई क्यान्टिन संचालनको अनुमतिदिने ।

९.रुरुक्षेत्र गाउँपालिका वडा नं. ४ निवासी बम बहादुर खड्काको पत्नी सुन्तला खड्काको मिति २०८० माघ १२ गते अकस्मातउच्च रक्तचापको कारण प्यारालाईसिस भई हिडडुल गर्न समेत नसक्ने भएको र अस्पतालमा उपचारको लागिगईरहनु पर्ने, घरको आर्थिक अबस्था समेत अत्यन्तकमजोर भएको हुँदा आर्थिक सहायताको लागि आवश्यक कागजातहरु सहित निबेदन पेश भएकोले निबेदक श्री बम बहादुर खड्कालाई आर्थिक सहायता शिर्षकबाट रु. ३५,०००/- (अक्षरुपी पैतीस हजार) उपलब्ध गराउने ।

१०. श्री याडुङ्ग प्राथमिक विद्यालय, रुरुक्षेत्र-२ को च.नं. १४० मिति २०८१ जेष्ठ ११ को पत्रबाट दुई कोठे कच्ची भवनको जस्तापाता मिति २०८१ जेष्ठ ५ गते आएको हावाहुरीले उडाएर भवनमा समेत क्षति पुर्‍याएको र भवन मर्मत गरी प्रयोगमा आउन नसक्ने भएकोले भवन व्यवस्थापन गर्न आवश्यक रकम उपलब्ध गराई दिनुहुन तथा दुई कोठे पक्कीभवन निर्माणको लागि पहल गरिदिनुहुन भनी लेखी आएकोमा हाललाई वडा कार्यालयसँग समन्वय गरी उक्त क्षतिग्रस्त भवनको व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषबाट रु. १८,०००/- (अक्षरुपी अठार हजार) उपलब्ध गराउने ।

११. रुरु स्वास्थ्य चौकी, रुरुक्षेत्र-१ को च.नं. १२० मिति २०८१/०१/३० को पत्रबाट स्वास्थ्य चौकीमा औषधि वितरण गर्ने स्थान खुल्ला रहेकोले नियमित सेवाप्रवाहमा समेत समस्या भएकोले पाटेसन गर्न बजेट विनियोजनको लागि लेखीआएकोमा आल्मुनियमको पाटेसन गर्नको लागि लागत अनुमान अनुसारको रकम रु. २९,२७५/- (अक्षरुपी उन्तीस हजार दुई सय पचहत्तर) रुपैया विविध भैपरी पूँजीगत शिर्षकबाट विनियोजन गर्ने ।

१२. श्री जनबोध माध्यमिकविद्यालय, रुरुक्षेत्र-४ र ५, रानीबासको च.नं. १५५ मिति २०८१ बैशाख १२ को पत्रबाट नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत शैक्षिक भवन तथा चमेना गृह निर्माण भएको र निर्माणको टेण्डरबाट बचत भएको रकमबाट झ्यालमा ग्रिल राख्ने कार्यको लागि सो रकम उपलब्ध गराईदिनुहुन भनी लेखीआएकोले उक्त कार्यको लागि सोही शिर्षकमा बचत भएको रकमबाट योजना संझौता गरी कार्य अगाडी बढाउने ।

१३. रुरुक्षेत्र गाउँपालिकाको आ.व. २०८०/०८१ को संघीय सशर्त अनुदानतर्फ किसान सूचीकरण कार्यक्रमअन्तर्गत अघिल्लो आ.व.मा सम्पादित भएका कार्यहरुलाई रुजु गरी स्वीकृत गर्नुपर्ने भएको र परिचयपत्र वितरण लगायतका कार्यको लागि उक्त शिर्षकबाट २ थान ल्यापटप र १ थान प्रिन्टर खरिद गर्ने ।

१४. नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरणको लागि खटाईएका सुरक्षाकर्मी र कर्मचारीको रकम भुक्तानी गर्ने ।

१५. अनुगमन समितिको प्रतिबेदन स्वीकृत गर्ने, योजना फरफारक गरी भुक्तानी दिने ।

१६. गाउँपालिकाको कम्पाउण्ड भित्र बाकी रहेको PCC ढलानको कार्य अगाडी बढाउने ।

हरि प्रसाद ज्ञवाली
प्रवक्ता
रुरुक्षेत्र गाउँपालिका, गुल्मी